# निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
# जिल्ला निर्वाचन कार्यालय
गुल्मी

मिति:२०७९।०२।२६

---

## सूचना सूचना सूचना

निर्वाचन आयोग, नेपालको मिति २०७९।०२।२३ गतेको निर्णयानुसार यस गुल्मी जिल्लामा तपसिल बमोजिमका स्थानमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य मिति २०७९।०३।०१ गते देखि सुचारु हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ ।

तलपसिल :

१. जिल्ला निर्वाचन कार्यालय, गुल्मी ।

- फोटो सहितको मतदाता नामावली सङ्कलन कार्य सुचारु हुने।
- पेशा, व्यवसायको कारणले यस जिल्लामा बसोबास गरिरहेको तर आफ्नो स्थायी ठेगाना अर्को जिल्लामा भए त्यस्तो व्यक्तीको निजको स्थायी ठेगानामा रहने गरी बाहिरी जिल्ला मतदाता नामावली दर्ता **(Out of District Registration, ODR)** कार्य संचालन हुने।
- मतदाताको नाम, ठेगाना, जन्म मिति, नागरिकता सम्बन्धी विवरण, बाबु वा आमाको नाम, पति वा पत्नीको नाम लगायतक त्रुटि सच्याउनका निमित्त निवेदन प्राप्त गरी आवश्यक प्रकृया अगाडी बढाईने ।
- कुनै मतदाताले झुट्टा विवरण दिई मतदाता नामवलीमा नाम समावेश गरेको सम्बन्धमा कुनै पनि व्यक्तीले प्रमाण सहित जिल्ला निर्वाचन कार्यालयमा उजुरी दिन सक्ने ।
- कुनै मतदाताले विवाह वा बसाई सराईको कारण ठेगाना परिवर्तन गर्न चाहेमा साविकमा नाम दर्ता भएको जिल्ला वा नाम सार्न चाहेको जिल्लाको निर्वाचन कार्यालयमा प्रमाण सहित निवेदन दिन सक्ने ।
- कुनै स्थानिय तहको वडामा एकभन्दा बढी मतदान स्थल भएका अवस्थामा कुनै मतदाताले आफुलाई पायक पर्ने मतदान स्थलमा नाम सार्न निवेदन दिन सक्ने ।
- कुनै व्यक्तीले रितपुर्वक ईमेल मार्फत यस कर्यालयमा निवेदन दिएमा उक्त व्यक्तीको मतदाता नामावली अद्यावधीक गरिने ।
- कुनै व्यक्तीको जिल्लाभित्र/जिल्ला बाहिर दोहोरो नाम भए अघिल्लो नाम हटाई पछिल्लो पटक दर्ता भएको नाम मतदाता नामावलीमा कायम गर्नका निमित्त निवेदन प्रप्त गरी आवश्यक प्रकृया अगाडी बढाईने ।
- मतदाता परिचय पत्र भएको तर मतदाता नामावलीमा नाम नभएका मतदाता नामावली दर्ता गरिने ।

२. जिल्ला प्रशासन कार्यालय, गुल्मी ।

- फोटो सहितको नयाँ मतदाता नामावली सङ्कलन कार्य मात्र ।

### आवश्यक कागजातहरु :

✓ नेपाली नागरिकताको प्रमाणपत्र

✓ मतदाता परिचयपत्र *(ठाउँसारी वा त्रुटी सच्यचउनको लागी)*

✓ बसाई सराई वा विवाह दर्ताको प्रमाणपत्र *(ठाउँसारी वा त्रुटी सच्यचउनको लागी)*

***नोट :** माथि उल्लेखित आवश्यक कागजजातहरु पुरा नभएमा वा कागजातहरु स्पष्ट नभएमा नाम ठेगाना सार्न वा त्रुटी स्चंशोधन नमिल्ने हुँदा यस कार्यालयको निर्वाचन व्यवस्थापन शाखा जवाफदेही हुने छैन ।*

..........................

माया कुँवर

जिल्ला निर्वाचन अधिकारी